गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्ड:- ०७ संख्या:- ०७ मिति:- २०८०/७/२१

भाग - १

# कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०

परम्परागत कृषि प्रणालीलाई विकसित र व्यवस्थित गरी वैज्ञानिक प्रविधिको अवलम्वन गर्दै कृषि पेशालाई विविधिकरण, बजारीकरण, व्यवसायीकरण, औद्योगिकीकरण कृषकको निमित्त कृषकहरुलाई नयाँ प्रविधि तर्फ आकर्षित र उत्प्रेरित गर्न, सो को अभ्यास गराउँदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उदेश्य अनुरुप कृषि प्रविधिकलाई सरल र सहजरुपमा कृषकमाझ पुर्याउन कृषकहरुको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समूह गठन गर्ने आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११को उपदफा २ (ण) (द) बमोजिम गोसाईकुण्ड गाउँपालिकाले कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०८० तयार गरी लागु गरेको छ ।

**परिच्छेद १**
**प्रारम्भिक**

१.**संक्षित नाम र प्रारम्भ :**

(क)यो कार्यविधिको नाम "**कृषक समूह गठन तथा परिचालन सम्बन्धि कार्यविधि,** २०८०" हुनेछ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"समूह"** भन्नाले व्यवसायिक कृषि प्रणाली अवलम्बन गर्ने उदेश्यको लागि गठन भएका १५ वा सो भन्दा बढी २५ जना सम्मको कृषकहरुको समूहलाई बुझाउनेछ ।
(ख) **"गाउँपालिका"** भन्नाले गोसाईकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय स्याफ्रुवेंशी, रसुवालाई जनाउने छ ।
(ग) **"शाखा"** भन्नाले गोसाईकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोसाईकुण्ड गाउँपालिकाको कृषि विकाश शाखा र पशु विकाश शाखालाई जनाउनेछ ।
(घ) **"अध्यक्ष"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको अध्यक्षलाई जनाउनेछ ।
(ङ) **"उपाध्यक्ष"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको उपाध्यक्षलाई जनाउनेछ ।
(च) **"सचिव"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको सचिवलाई जनाउनेछ ।
(छ) **"सदस्य"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको सदस्यलाई जनाउनेछ ।
(ज) **"सेवा केन्द्र"** भन्नाले गोसाईकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि तथा पशु सेवा प्रसार कार्यको लागि कृषकहरुले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेको कृषि वा पशु शाखाको ईकाइ कार्यालयलाई बुझाउनेछ ।
(झ) **"कार्यालय प्रमुख"** भन्नाले गोसाईकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।
(ञ) **"शाखा प्रमुख"** भन्नाले गोसाईकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, गोसाईकुण्ड गाउँपालिकाको सम्बन्धित कृषि वा पशु सेवा शाखालाई जनाउनेछ ।
(ट) **"बैठक"** भन्नाले कृषक समूहको बस्ने बैठकलाई जनाउनेछ ।

## परिच्छेद २
## कृषक समूह गठनको उद्देश्य:

स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले तोके बमोजिम विभिन्न कृषि सम्बन्धी कार्यहरुको सम्पादनका लागि कृषकहरुका माझ गरिने उन्नत कृषि प्रविधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन, कृषकहरुको कृषि सम्बन्धी निर्णय क्षमता र नेतुत्व विकास गर्ने, कृषक बचत मार्फत सामुदायिक पुंजीको विकास लगायतका कार्यहरु मार्फत कृषिको व्यवसायीकरणका निमित्त सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरुमा सेवा प्रवाहका लागि कृषक समूह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समूह गठन गर्नु आवश्यक रहेको छ । यस कार्यविधि बमोजिम गठन हुने समूहको उद्देश्य तथा कार्यहरु निम्न अनुसार हुनेछन्:

१. समूह सदस्यहरुको बसोबास रहने भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सुहाउने पशुपालन तथा कृषि बालिनालिहरुमा व्यवसायीकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउँदै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
२. समूह उन्नत बिउ विजन तथा रासायनिक मल लगायतका कृषि तथा पशुपन्छी उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने ।
३. खेतीयोग्य जमिनमा सिंचाइको व्यवस्थापन गर्ने ।
४. प्राङ्गारिक उत्पादन जोड दिने ।
५. कृषि सामग्री तथा कृषि उपजहरुको बजारीकरणका कार्यहरु गर्ने ।

६. कृषि उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरण एंव पशु प्रजननका कार्यहरु, पशु आहारा, पशु स्वास्थ्य र पशु तथा पशुपन्छी बजारीकरण एंव पशु सेवा प्रविधिको प्रसारका कार्यहरु गर्ने ।
७. गोठ तथा भकारो सुधार गर्ने ।
८. मौरी पालन तथा च्याउ खेति गर्ने ।
९. बेमौसमी तथा मौसमी तरकारीहरूको उत्पादन र बजारीकरण गर्ने ।
१०.नयाँ प्रविधिहरुको परिक्षण गर्ने ।
११.सरकारी तथा गैरसरकारी एंव समुदायमा आधारित निकायहरुसँगको साझेदारी र सहकार्यमा कृषि विकास सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
१२. जैविक विविधताको संरक्षण, सम्वर्द्धन र विकास गर्ने ।
१३. कृषि, वन, वातावरण संरक्षण सम्वर्द्धन र विकासका सबै कार्यक्रमहरु सञ्चालन गर्ने ।
१४. मासिक बचत र परिचालन गर्ने ।
१५. समुहले तोके बमोजिमका कृषि विकास सम्बन्धी अन्य विविधिकरणका कार्यहरु गर्ने ।

## परिच्छेद ३
## कृषक समूह गठन तथा समूह दर्ता

१. **समूहमा कृषक संख्या:** खेति योग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोगचलनकर्ताहरु वा एकै उद्देश्यका लागि कृषि वा पशु पालन गरिआएका वा गर्ने १५ देखि २५ जना सम्मका कृषकहरु स्व:स्फुर्त रुपमा आफैं वा कार्यालयको प्राविधिक कर्मचारीको सहयोगमा एक मात्र सदस्य रहने गरी कृषक समूह गठन गर्न सक्नेछन् ।
२. **कार्यालयबाट सहजीकरण**: उन्नत कृषि प्रणाली अपनाउनका लागि समूह गठन गरी कृषि प्रसार कार्यक्रममा सहभागी हुन कृषकहरुबाट अनुरोध भएमा सम्बन्धित प्राविधिकले कृषक समूह गठन तथा परिचालन कार्यमा सहजीकरण गर्नेछन् ।
३. **स्टेशनरी सहयोग:** समूह गठन गर्नका लागि कार्यालयले समूह बैठकका लागि रजिष्टर, कलम, फायलहरु लगायत केहि स्टेशनरी खर्चका गाउँपालिकाको बजेट उपलब्ध भएसम्म सहयोग गर्न सक्नेछ ।
४. **समूह दर्ताको लागि निबेदन दिनु पर्ने:** समूहबाट तयार गरिएको विधानको सबै पानामा समुहका सबै सदस्यहरुबाट प्रमाणित गरी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची १ बमोजिमको निवेदन दिनुपर्ने छ । यस अघि जिल्ला कृषि विकास कार्यालय वा अन्य कुनै संघसस्थाहरुमा दर्ता भएको समूहको हकमा पुराना प्रमाणपत्रहरु तथा प्रगति देखिने अन्य कागजातहरु समेत संलग्न राख्नुपर्नेछ ।
५. **समूहको आफ्नो विधान र छाप हुनुपर्ने:** समूहको विधानको साथमा समूह बैठकको निर्यण, समूह दर्ताको लागि कार्यालयलाई लेखिएको पत्र र अनुसूची २ बमोजिमको सदस्य कृषक समूहको विवरण संलग्न राख्नुपर्ने छ । समूहले आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान कार्यालयबाट प्राप्त गर्न सक्नेछन् । उक्त मस्यौदालाई आफ्नो भौगोलिकता र उद्देश्य अनुकुल परिमार्जन गर्न सकिनेछ । समूहको आफ्नै छाप हुनुपर्नेछ ।
६. **सर्व सहमति र सहमति, समूह निर्णयको आधार:** समूह गठन गर्दा समूहमा रहने बिभिन्न पदाधिकारीहरु सर्व सहमतबाट चयन हुनेछन् । कुनै किसिमले सर्वसहमत हुन नसकेमा प्रचलित व्यवस्था बमोजिम निर्वाचनद्वारा

सदस्यहरुबाट पदाधिकारीहरु चयन गरिनेछन् । यसरी गरिने निर्वाचनमा समूहको अनुरोधमा वडा कार्यालयबाट सहजीकरण हुनसक्नेछ ।

७. **समूह दर्ता गर्नुपर्ने:** उपर्युक्त बमोजिम दर्ता हुन नसकेमा त्यस उपर कार्यालयले आवश्यक प्रक्रिया पुरा गरी समूह दर्ता गर्नुपर्छ भन्ने लागेमा समूह दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिने छ । समूह दर्ता गरी कृषक समूह दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ । यसरी वडा कार्यालयबाट समूह दर्ताको सिफारिस गर्दा वा कार्यालयमा समूह दर्ता गर्दा लाग्ने दस्तुर/शुल्क प्रत्येक बर्ष राजश्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **समूह दर्ता प्रमाण पत्र:** कार्यालयको निर्णयअनुसार दर्ता गरिने समूहलाई समूह दर्ता प्रमाणपत्र दिइनेछ | समूह दर्ता प्रमाणपत्र प्राप्त गरेपछि कार्यालयमा सो को अभिलेखीकरण भएको मानिने छ । समूह दर्ता भएपछि यस्ता समुहसँग गाउँपालिकाबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा सहकार्य तथा सहभागी गराइनेछ ।

९.**नविकरण:** समूह गठन र दर्तापछि प्रत्येक आर्थिक बर्षको असोज मसान्त भित्रमा समूह नविकरण गर्नुपर्नेछ । त्यसपछिको समयमा तोकिएको नविकरण दस्तुर जतिकै थप दस्तुर लाग्नेछ ।

## परिच्छेद ४
## कृषक समूह परिचालन

१. **मासिक बैठक बस्नु पर्ने:** समूह गठन पश्चात कृषकहरु आफ्ना कृषि कार्यहरुका बारेमा छलफल गर्न नियमित रुपमा महिनामा एक पटक समूह बैठक अनिवार्य रुपमा बस्नुपर्नेछ । समूहको आवश्यकता अनुसार जुनसुकै बेला पनि समूहको बैठक बस्न सक्नेछ ।

२. **समूह बचत र परिचालन:** बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरुले मासिक बचत समेत जम्मा गर्नेछन् । समूह बचत कोषबाट कृषि परियोजनाको लागि विधानले तोकिए बमोजिम ब्याजदरमा सदस्यहरुले ऋण लिन पाउनेछन् ।

३. **समूहको बैक खाता सञ्चालन:** नजिकको बैकमा समूहको खाता खोलिनेछ जसमा कोषाध्यक्षको अनिवार्य सहित समुहको निर्णय अनुसार कम्तिमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतमा खाता सञ्चालन हुनेछ ।

४. **बाली पात्रो/कार्ययोजना तयार गर्ने:** समुहमा सदस्यहरुले प्राविधिकको सहयोगमा बालि पात्रो एवम् पशुपालनका लागि आवधिक (मासिक /चौमासिक /बार्षिक) कार्ययोजना तयार गर्नेछन् । तयार भएको कार्ययोजना अनुसार समूह सदस्यले बाली तथा पशु उत्पादन र बजारीकरणका कार्य योजनाहरु अवलम्वन गर्नेछन् ।

५. **समुहको निर्णय समूह पद्धतिमा गरिनु पर्ने:** समूहमा आईपर्ने प्राविधिक समस्याहरु सम्बन्धित प्राविधिकको सहयोगमा समाधान गरिनेछ | समूहमा आईपर्ने अन्य समस्याहरु समुहको निर्णय अनुसार समाधान गर्नुपर्ने छ । सो हुन नसकेमा प्रचलित व्यवस्था अनुसार हुनेछ | समुहको अनुरोधमा कार्यालयबाट सो को सहजीकरण गर्न सकिनेछ ।

६. **समूहको रेकर्ड:** समूहको एक फाइल कृषि शाखामा रहनेछ । जसमा समुहको निर्णय विभिन्न कार्यक्रमहरुमा सहभागी भएको रेकर्डहरु समुहको बैक खाताको स्टेटमेन्ट आदि रहनेछन् । समुहले पनि आफ्ना क्रियाकलापहरुको रेकर्ड अद्यावधिक गरिराख्नु पर्नेछ ।

७. **खेति खर्चको विवरण राख्नु पर्नेः** समूहका प्रत्येक  सदस्यले आफुले लगाएको बाली तथा पशुपालन कार्यको उत्पादन भण्डारण, दुवानी, बजारीकरण लगायत सबै कार्यहरुको लागत खर्च र बिक्रीबाट भएको आम्दानी अभिलेख राख्नु पर्नेछ र अध्ययन लगायतका प्रयोजनका लागि गाउँपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ ।

८.**प्रगति प्रतिवेदन र समीक्षाः** समुहले प्रत्येक मासिक बैठकमा गरिएको निर्णयहरुको कार्यन्वयन अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरु, परी आएका समस्याहरु समाधानका लागि गरिएका प्रयासहरु र सो को प्रतिफल, बालीनालीको अवस्था, बालीनाली लगाउदा भएको खर्च र बाली कटान उपरान्त बिक्रि गरी भएको आम्दानी आदि कार्यहरुको चौमासिक समीक्षा गर्नुपर्नेछ ।

९. **समूहमा मेलमिलाप हुनुपर्नेः** समूहका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्नेछ । यस समूहका बैठकहरुमा समूहमा सदस्यहरुको निजि वैयक्तिक उपर छलफल गर्दा उपयुक्त हुन्छ भन्ने समूहलाई लागेका यस्ता विषयहरु उपर समेत छलफल गरी सामाजिक सद्भाव, सहकार्य, साझेदारीता वृद्धिमा योगदान गर्न सक्नेछन् ।

१०. **व्यवसाय दर्ता गर्न सक्नेः** कृषि कार्यलाई व्यवसायमुलक रुपान्तरणका लागि समूह गठन गर्ने भएकाले समूहका सदस्यहरु मिलेर समूहगत रुपमा सञ्चालन गर्ने कृषि व्यवसाय गाउँपालिकामा दर्ता गर्नुपर्नेछ । कृषि व्यवसायको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

११. **कृषि उत्पादन सामाग्री तथा कृषि उपज सामाग्रीहरुको बजार व्यवस्थापनः** समुहले  कृषि उत्पादन सामाग्रीको व्यवस्थापनको लागि प्रचलित कानून बमोजिम अनुमति लिई बिउ विजन, प्राङ्गारिक मल, सिंचाईका सामाग्रीहरु, कृषि उपजसँग सम्बन्धित सामाग्रीहरुको व्यवस्थापन र व्यापारिक कारोवार गर्न सक्नेछन्  । त्यसै गरी आफ्नो समूह भित्र वा बाहिरमा कृषकहरुले उत्पादन गरेका कृषि उपज सामाग्रीहरुको प्रशोधन र बजारीकरणका कार्यहरु समेत गर्न सक्नेछन् ।

१२. **गाउँपालिकाको कार्यक्रममा सरीक हुनुपर्ने**: कृषक समूहले गाउँपालिकाबाट संचालन हुने कुनै पनि किसिमका कृषि वा गैर कृषि कार्यक्रमहरुलाई सफल पार्न यथाशक्य सहयोग गर्नुपर्नेछ ।

१३. **अन्तर समूह समन्वय समिति**: विभिन्न समूहबाट प्रतिनिधित्व गरी अन्तर समूह समन्वय समितिको गठन गर्न सकिनेछ । समूह पद्धतिलाई विकसित गर्दै संस्थागत अभ्यास सुदृढ गर्नका लागि सबै समूहबाट १/१ प्रतिनिधिहरु रहने गरी वडागत रुपमा अन्तर समूह समन्वय समितिको गठन हुनेछ ।

१४. **गाउँपालिका कृषक मूल समितिः** गाउँपालिकामा रहेका सबै कृषकहरुको संजालका रुपमा गाउँपालिका भित्रका सबै कृषक समूहहरुका प्रतिनिधिमुलक संस्थाका रुपमा एक गाउँपालिका कृषक मूल समितिको गठन गर्न सकिनेछ । यसको सञ्चालन कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१५. **कृषि सहकारितामा परिणत हुनेः** कृषक समूह गठन पश्चात समूहगत अभ्यासहरुको अनुभवको आधारमा सहकारितामा परिणत हुन चाहेमा प्रचलित कानुन अनुसार कृषि सहकारीमा परिणत हुनसक्नेछ । यस्तो अवस्थामा साविक कृषक समूहले गरेको सबै कार्यहरु सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ ।

१६. **अन्यलाई पनि ज्ञान बुझाउनु पर्नेः** समूह गठन र कृषि प्राविधिक अभ्यासको क्रममा पाएको र आफुमा भएको ज्ञान सो सम्बन्धि अभिरुचि राख्ने अन्यलाई पनि बुझाउनु पर्नेछ । समूहले कृषि प्राविधिक र अन्य कृषकहरुको बिचमा सहजीकरणको कार्य पनि गर्न सक्नेछन् ।

१७. **समूहमा अन्य सामाजिक विषयहरुको सन्दर्भः** सामाजिक न्यायको सिदान्तमा आधारित भई समूह सदस्यहरु नेतृत्व विकास उन्नत खेति प्रणालीको अवलम्बन, सामुदायिक स्वास्थ्य, शिक्षा, पर्यटन तथा

रोजगारी प्रवर्द्धनका अन्य कार्यहरुमा पनि अभिरुचि लिनेछन् र समूह निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन् ।

१८. **समूह बाहेक पनि कृषि विकास कार्यक्रमहरु सन्चालन गर्न सकिने:** गाउँपालिकाबाट सन्चालन हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समुह, कृषि सहकारी संस्थाहरु, कृषिमा आधारित गैरसहकारी संस्थाहरु, गाउँ तथा टोल समितिहरु, निजि व्यवसायिकहरु, कम्पनी लगायत अन्य कुनै पनि सरोकारवालाहरु संस्था तथा निकायहरुसँग सहकार्यमा सञ्चालन गर्न सकिनेछ ।

१९. पालिका क्षेत्र भित्र क्रियाशील सहकारी संस्थाहरुले कृषि तथा पशु विकाससँग सम्बन्धित समूह गठन गरी कार्य गरेको आवश्कतामा त्यस्ता समूहलाई यस कार्यविधि बमोजिम गठित समूह मानिनेछ ।

## परिच्छेद ५
## कृषक समूहको नियमन र पारदर्शिता

१. **बार्षिक लेखा परीक्षण र सार्वजनिक सुनुवाई:** समूहले बार्षिक रुपमा नियमानुसार लेखा परिक्षण गराउनु पर्नेछ । लेखा परिक्षण प्रतिबेदनको एक प्रति कृषि शाखामा समेत उपलब्ध गराउनु पर्नेछ ।

२. **बार्षिक साधारण सभा:** समूह गठन भई दर्ता भएको एक बर्ष भित्र र प्रत्येक बर्ष बर्षमा समूहले साधारण सभाको आयोजना गर्नु पर्नेछ । साधारण सभामा वार्षिक कार्यक्रमहरुको प्रगति समीक्षा, वार्षिक आयव्ययको विवरण, आउँदो बर्षको कार्यक्रमहरुको तर्जुमा लगायत नियमानुसार सम्पादन गर्नु पर्नेछ । यसको एक प्रति प्रतिवेदन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

३. **अधिबेशन र विशेस अधिबेशन:** समूहको सर्वोच्च अंग समूहको साधारण सभा हुनेछ । साधारण सभा गर्ने अवधि समूहको विधान बमोजिम निर्धारण हुनेछ । विधानमा समूहले विशेष अधिबेशनको व्यवस्था समेत गर्न सक्नेछ ।

४. **अन्य संघ संस्थाहरुसंग समन्वय:** समुहले अनुमति लिई कुनै अन्य संघ संस्थासंगको सहकार्यमा कृषि प्राविधिक अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्न सक्नेछन् ।

५. **समुहको अनुगमन:** यस गाउँपालिकाको अनुगमन व्यवस्था बमोजिम गाउँपालिकाबाट, वडाबाट एवम् गाउँपालिकासंगको समन्वयमा नेपाल सरकारका सबै निकायहरुले कृषक समुहका क्रियाकलाप एवम् समूहका कागजातहरुको अध्ययन, अवलोकन र अनुमान गरी पृष्ठपोषण गर्न सक्नेछन् । प्राप्त पृष्ठपोषणहरु उपर समूह बैठकमा छलफल गरी निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद ६
## विविध

१. **समूह निष्कृयताको अवस्थाः** लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा, समूहले कृषि प्रसार कार्यमा अभिरुचि नराखेमा, अन्य विभिन्न कारणहरुले समूह निष्कृय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सन्चालन हुने कृषि विकास कार्यक्रमको लागि उक्त समूहसँग साझेदारी गर्न सकिनेछैन ।

२. **समूह विघटन हुन् सक्नेः** पटक पटक समूहको विधान विपरित कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दुरुपयोग गरेमा, समूह निष्कृय भएमा, समुहको निर्णय अनुसार समूह विघटन गरिएमा, प्रचलित नियम विपरितका कार्यहरु गरेमा वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समूह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ । विघटन पश्चात समूहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिनेछ ।

**३. संशोधनः** आवश्यकता र औचित्यताको आधारमा गाउँ कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि संशोधन गर्न सकिने छ ।

**४. खारेजीः** यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानुन बमोजिम बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछन् ।

**५. यसै कार्यविधि बमोजिम हुनेः** यो कार्यविधि लागु हुनु पूर्व दर्ता भएका समुहहरु यसै कार्यविधि बमोजीम दर्ता भएको मानिने छन ।

अनुसूची :१

(कार्यविधिको बुँदा नं ३ (४) बमोजिम समूह गठनका लागि कार्यालयमा दिइने निवेदन)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,                मिति: २०८०/........./...
गोसाईकुण्ड गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
स्याफ्रुवेशी रसुवा ।

विषय: समूह दर्ता गरि पाउँ ।

समूह गठन गरि सामुहिक प्रक्रियाद्रारा कृषि विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठित भई समूह गठन गरेका छौं । समूह गठन र परिचालन बारेमा गोसाईकुण्ड गाउँपालिकाको नियमावली/मार्गदर्शन/कार्यविधि र प्रचलित कानुन अनुसार कार्य गर्नेछौं । समूह दर्ता गरी पाउँ ।

संलग्न कागजातहरू:-

१. समूहको पहिलो बैठकको निर्णय प्रतिलिपि पाना –
२. समूहको विधान पाना –
३. अनुसूची २ अनुसारको समूह सदस्यताहरुको विवरण पाना-
४. अन्य केही भए सोको विवरण-

| |
|---|
| सम्बन्धित वडा कार्यालयको सिफारिस समुहको निबेदन अनुसार निम्न समुहलाई गोसाईकुण्ड गाउँपालिकामा दर्ता गर्न सिफारिस गरिन्छ ।<br>सिफारिस गर्नेको नाम:-<br>पद:-<br>दस्तखत:-<br>मिति:-<br>वडा कार्यालयको छाप: |

खण्ड:- ०४ संख्या:- ०७ मिति:- २०८०/०७/२१

पहिलो पेज

गोसाईकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रुवेंशी,रसुवा
बागमती प्रदेश, नेपाल

गो.गा.पा.दर्ता नं
समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस गाउँपालिकाको वडा नं...................मा मिति..................................मा यस कार्यालयमा दर्ता भएको..........................................कृषक समूहलाई यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ।

............................... .................................
कृषि शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत
मिति...............................

दोस्रो पेज: पछाडि छापिने

| समूह नवीकरणको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नविकरण अवधि | | नवीकरण शुल्क | | | | | | |
| देखि | सम्म | दस्तुर रु | जरिवाना रु | जम्मा रु | रसिद नं | दर्ता नविकरण गर्ने अधिकृतको दस्तखत | कार्यालयको छाप | कैफियत |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट:

१. यो प्रमाणपत्र समुहको कार्यालयमा सबैले देखिने गरि राख्नु पर्नेछ।
२. प्रत्येक आ.व.को समाप्ति पछिको असोज महिनाभित्र निशुल्क नवीकरण गरिसक्नु पर्नेछ।

३. तोकिएको समय भित्र नवीकरण नगराएमा रु १०० जरिवाना लिई नवीकरण गर्न सकिनेछ ।

४. यो प्रमाणपत्र हराएमा समुहको निर्णय अनुसार माग गरेमा रु १०० जरिवाना लिई प्रतिलिपि उपलब्ध गराउन सकिनेछ ।

५. अन्य कुराको हकमा समूहको विधान र प्रचलित ऐन अनुसार हुनेछ ।

कृषक समूहका सदस्यहरुको वैयक्तिक विवरण
गोसाईकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, स्याफ्रुवेंशी, रसुवा

कृषक समुहको नाम:-
कृषक समूह स्थित ठेगाना:-गोसाईकुण्ड गाउँपालिका
वडा नं...........टोल.....................
महिला:-
पुरुष:-
गठित समूहको किसिम: बहुउद्देशीय/ एकल उद्देशीय
मासिक बचतप्रति सदस्य प्रति महिना रु :-
समूह सदस्यहरुको विवरण:-

| क्र.स | सदस्यको नाम | समूहमा पद र जिम्मेवारी | सम्पर्क नं | ठेगाना | | लिङ्ग (महिला/पुरुष) | उमेर (बर्ष) | खेति गरेको जग्गाको क्षेत्रफल (रोपनी,आना,पैसा,दाम) | | | | मौरी घार/ ग्रिन हाउस आदि भए सोको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं | टोल | | | संचित | सिंचाईको श्रोत | असञ्चित | जम्मा जग्गा | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

नोट : समूहका सबै सदस्यहरुबाट प्रमाणित गरि पेश गर्नु पर्ने ।
प्रमाणिकरण मिति:

आज्ञाले
दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत